जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २०९ २०७८ साल चैत ८ गते मंगलबार (22 Mar. 2022 Tuesday) मूल्य रु. ५/-

**कोभिडबाट सचेत रहौं**

- कोरोना संक्रमणको जोखिम अझै कायम छ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : महङ्गो भयो निर्वाचन... ३ पृष्ठमा : रुसी नौसेनाका वरिष्ठ ... ४ पृष्ठमा : सप्तरी प्रिमियर लिगको ...

# निर्वाचन सम्पन्न भएको १५ दिनपछि काँग्रेस सप्तरीको अन्तिम नतिजा




**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

नेपाली कांग्रेस सप्तरी जिल्ला कार्य समितिको सम्पन्न निर्वाचनको १५ दिनपछि सोमवार अन्तिम नतिजा आएको छ ।

गत फागुन २३ गते निर्वाचन सम्पन्न भएको थियो । मतगणना सुस्त गतिमा हुँदा अन्तिम परिणाम आउन १५ दिन समय लागेको हो ।

सभापति र पदाधिकारीसहित कुल ८२ पदका लागि भएको निर्वाचनमा सभापति, २ उपसभापति, २ सचिव र २ सहसचिवको नतिजा १० दिनअघि नै सार्वजनिक भइसकेको छ ।

जसअनुसार सभापति पद शेखर कोइराला पक्षका रामदेव साहले तथा बाँकी महत्वपूर्ण पद २ उपसभापति, २ सचिव र २ सहसचिव संस्थापन पक्षका उम्मेवारले जितेका छन् ।

सोमबार आएको अन्तिम नतिजा अनुसार कार्य समितिका ७५ सदस्य पदमध्ये ७२ संस्थापन पक्षका उम्मेदवारले जितेका छन् । इतर पक्ष साह प्यानलका ३ जना उम्मेदवार सदस्य पदमा जितेका छन् ।

महासमिति पदमा पनि ८५ प्रतिशत संस्थापन पक्षका उम्मेदवारले जित हात पारेका छन् । यहाँ इतर पक्षबाट महासमिति सदस्यको उम्मेदवार बनेका पूर्व राजदूत डा.सुरेश चालिसेले पराजयको सामना गर्नुपरेको छ ।

नेपाली कांग्रेस सप्तरीका प्रवक्ता प्रभातकुमार ललनकाअनुसार जिल्लामा कुल २ हजार ५३५ मतदाता रहेकोमा २ हजार ३४२ मतदाता निर्वाचनमा सहभागी भएका थिए ।

अन्तिम नतिजा आएपछि केन्द्रीय सदस्य दिनेश कुमार यादवले विज्ञप्ति जारी गरी पार्टीभित्रको आन्तरिक लोकतन्त्रको अभ्यासबाट खुशी भएको उल्लेख गर्दै नवनिर्वाचित सबैमा बधाई दिएका छन् ।

# निर्वाचन आयोगका निर्णय पूर्वाग्रही भएको अध्यक्ष ओलीको आरोप

काठमाडौँ, ७ चैत (रासस) ।

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनपूर्व जनप्रतिनिधिले राजीनामा दिनुपर्ने निर्वाचन आयोगको निर्णय पूर्वाग्रही भएको आरोप लगाउनुभएको छ ।

स्थानीय तहको निर्वाचनको तयारीलगायत विषयमा छलफल गर्न सो पार्टीको पहिलो पोलिटब्युरो बैठकमा सोमबार सम्बोधन गर्दै उहाँले निर्वाचनलाई तोकिएको समयमा निष्पक्षरूपमा गराउने सन्दर्भमा सकारात्मक सङ्केत नदेखिएको र त्यस्ता षड्यन्त्रप्रति सचेत रहन आग्रह गर्नुभयो ।

अध्यक्ष ओलीले निर्वाचन चिन्हको रङग बदल्ने जस्ता निर्णयमा पनि सत्ता गठबन्धनसँगको साँगगाँठका आधारमा आयोगले एमालेविरुद्ध निर्णय गरेको आरोप लगाउँदै पार्टी प्रवेशको लहर जारी रहेकाले आगामी निर्वाचनमा नेकपा एमाले एकल बहुमत प्राप्त गरेर सरकार चलाउने बताउनुभयो । उहाँले राष्ट्रिय हितको रक्षा र स्वाभिमानलाई अगाडि बढाउन

*बाँकी अन्तिम पृष्ठमा*


# जसपाको प्रचार प्रसार समिति गठन

**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

जनता समाजवादी पार्टीले ११ सदस्यीय केन्द्रिय प्रचार प्रसार समिति गठन गरेको छ ।

जसपाका केन्द्रिय कार्यकारिणी सदस्य प्रकाश अधिकारीको संयोजकत्वमा गठित समितिको सदस्यहरुमा अमरनाथ मण्डल, केशव अर्याल, पूर्ण बस्नेत, मुक्ति रिजाल, लक्ष्मण हुमागाई, विश्वदीप पाण्डे, सुदर्शन खतिवडा, डिबि सरोज राई, प्रेमचन्द्र झा र बिजय राई रहेका छन् ।

पार्टी अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा बसेको बैठकले केन्द्रिय स्तरमा स्थानिय तहको निर्वाचनका लागि वरिष्ठ नेता अशोक राईको संयोजकत्वमा निर्वाचन परिचालन मूल समिति समेत गठन गरेको छ ।


अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

### म्यादी प्रहरीका लागि दिने आवेदनले बेरोजगारी समस्या छर्लङ्ग

आउँदो स्थानिय निर्वाचनलाई मध्य नजर गर्दै नेपाल प्रहरीले एक लाख म्यादी प्रहरीको भर्ना खुल्ला गरेको छ। चालिस दिनका लागि म्यादी प्रहरीमा भर्ना हुनका लागि अहिले लाखौंको आवेदन पर्ने अनुमान गरिएको छ। भर्नाका लागि आवेदन दिनेहरुको ओइरो देख्दा मुलुकमा बेरोजगारी समस्या चरम अवस्थामा रहेको प्रष्ट देखिन्छन्। कीन भने सप्तरीमा ३ हजार १ सय ३९ म्यादी प्रहरीको माग गरिएको छ। जसमा दुई दिनको अवधीमा झण्डै ६ हजारले आवेदन दिइसकेका छन्। आवेदनका लागि ६ दिनको म्याद दिइएको छ। यस अवधीमा १५ हजारको आवेदन पर्न सक्ने अनुमान गरिएको छ।

म्यादी प्रहरीको अवधी ४० दिनको रहेको तथा सो अवधीमा ४३ हजार ४ सय ४० रुँपैया तलबसहित दिइने जनाइएको छ। यसर्थ छोटो अवधीका लागि यत्रो संख्यामा आवेदन पर्नु भनेको मुलुकमा बेराजगारी समस्या नै हो। यस बाहेक जुनसुकै पनि पदका लागि जागिर खुलेपछि यस्तै संख्यामा आवेदन पर्ने गरेको छ।

तसर्थ मुलुकमा बढ्दै गएको बेरोजगारी समस्यालाई ध्यानमा राख्दै सरकारले यसको विकल्पको रुपमा रोजगारीको अवसर सृजना गर्नु पर्नेमा गम्भिर हुनु आवश्यक छ। बेरोजगारी समस्या बढ्दै जाँदा मुलुकबाट अहिले यूवाहरु रोजगारीका लागि अन्य मुलुक पलायन हुने अवस्था पनि म्यादी प्रहरीको आवेदन दिने जस्तै रहेको छ। यसका लागि तीनै तहको सरकार गम्भिर भई दिर्घकालिन योजना तयार पर्नु पनि उत्तिकै आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# महङ्गो भयो निर्वाचन : पैसा नभए उम्मेदवारै बन्न गाह्रो

**रमेश लम्साल**
काठमाडौँ, ७ चैत (रासस)।

निर्वाचन कसरी जितिन्छ ? पैसाको बलमा वा एजेन्डाको लोकप्रियताले ? यतिबेला मात्र होइन, प्रायः सधैं निर्वाचनका बेलामा उठ्ने प्रश्न वा सुरु हुने बहस हो यो। आसन्न स्थानीय तहको निर्वाचनका बेला अहिले आम नेपालीले पनि यही प्रश्न गरिरहेका छन्। तर बहस सिद्धान्त वा एजेण्डामुखी छैन बरु पैसामुखी छ।

आम मतदातामा सुरु भएको यो बहसलाई देशका आमसञ्चारले पनि सतहमा ल्याइदिएका छन्। तिनै सञ्चारका सामग्रीमाथि तर्कवितर्क गरिरहेका छन्, आममतदाता। अनि सबैको एउटै मत छ, बहस निर्वाचनमा पैसाको नभई उम्मेदवार, उसका विगतका काम तथा त्यो उम्मेदवार संलग्न राजनीतिक पार्टीका सिद्धान्त र एजेन्डमा हुनुपर्छ।

यो त बहसको विषय र मिडियाको समग्रीको कुरा न भयो त। तर आर्थिक स्रोत नहुनेले निर्वाचनमा प्रतिस्पर्धा गर्न सक्ने अवस्था भने छैन। त्यसैले यतिखेर लाग्दैछ, सम्भावित उम्मेदवारहरू निर्वाचनमा रकम खर्च सक्ने आफ्नो हैसियत आफैं मनन गरेर टिकटका लागि लाग्दैछन् भने सम्बद्ध पार्टी पनि उम्मेदवारको हैसियत तौलिने अवस्थामा नपुग्ला भन्न सकिँदैन। आगामी वैशाख ३० गतेका लागि स्थानीय तहको निर्वाचनको मतदान घोषणा भइसकेको छ। यसको तयारी निर्वाचन आयोगले युद्धस्तरमा गरिरहेको छ। राजनीतिक दलहरू निर्वाचन केन्द्रित कार्यक्रममा व्यस्त छन्। दलका नेता तथा कार्यकर्ता आफ्ना क्षेत्र तथा गाउँ पसिसकेका छन्।

सरकारका तर्फबाट अगाडि बढाउने काम कारबाही पनि उत्तिकै गतिमा अगाडि बढिरहेको छ। तर निर्वाचनसँग जोडिएर आउने खर्चको विषयमा भने परम्पर विरोधी मत देखापरेको छ। आयोगले केही दिनपहिले सार्वजनिक गरेको उम्मेदवारको खर्चका सम्बन्धमा केही राजनीतिक दलले असाध्यै कम भएको प्रतिक्रिया दिएका छन् भने केहीले हाल तय भएको खर्च सीमा नै बढी भएको बताएका छन्।

सार्वजनिक खपतका लागि खर्चको सीमा बढी भएको बताइए पनि निर्वाचनमा तोकिएभन्दा असाध्यै धेरै पैसाको प्रयोग भएको तथ्य कोही कसैबाट छिपेको छैन। आयोगमा बुझाइने विवरण र वास्तविक रूपमा भएको खर्चको हिसाब आकाश जमिन बराबरको छ। मधेस प्रदेशको एक स्थानीय तहको प्रमुखमा विजयी उम्मेदवारले झन्डै रु पाँच करोड बराबरको खर्च गरेको र त्यो खर्च उठाउनु आफ्नो बाध्यता भएको बताएका थिए। यसबाट भ्रष्टाचार थप संस्थागत भएको र जसरी पनि पैसा कमाउनुपर्छ भन्ने मान्यताको विकास भएको छ।

चुनाव सुरु भएपछि पनि घरमा खाना खाने हो र ? भन्ने मान्यतासमेत मतदातामा विकास भएको पाइन्छ। पार्टी कार्यकर्तामा पनि निर्वाचनको समयमा नखाए कहिले खाने भन्ने मान्यता संस्थागत भएको पाइन्छ।

**आयोगले तोकेको खर्च**

आयोगले आगामी स्थानीय तहको निर्वाचनको उम्मेदवारका लागि खर्चको सीमा तय गरेको छ। महानगरको प्रमुख तथा उपप्रमुखले रु सात लाख ५० हजारसम्म खर्च गर्न पाउनेछन्। वडाध्यक्ष र सदस्यले रु तीन लाख बराबरको खर्च गर्न पाउँछन्। उपमहानगरका प्रमुख र उपप्रमुखले रु पाँच लाख ५० हजार, वडाध्यक्ष र सदस्यले रु दुई लाख ५० हजार, नगरपालिकाका प्रमुख र उपप्रमुखले रु चार लाख ५० हजार, वडाध्यक्ष र सदस्यले रु दुई लाख, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको उम्मेदवारले रु तीन लाख ५० हजार, वडाध्यक्ष र सदस्यले रु एक लाख ५० हजार बराबर मात्रै खर्च गर्न पाउँछन्।

जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखले रु ५० हजार र सदस्यले रु २५ हजार बराबरको खर्च गर्न पाउँदा कार्यपालिकाका सदस्यले रु २५ हजार बराबर मात्रै निर्वाचन प्रयोजनका लागि खर्च गर्न पाउँछन्। आयोगले तोकेको यो सीमाभित्र निर्वाचनको कार्यक्रम सम्पन्न गर्न तथा गराउन उम्मेदवारले सक्लान् ? आम मानिसमा प्रश्न छ। सचेत समुदायमा प्रश्न छ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका पूर्वसचिव माधव पौडेलले भन्नुभयो, "निर्वाचनको समयमा उम्मेदवारले गर्ने खर्चको सीमा आयोगले तोकेभन्दा असाध्यै धेरै रहेको भन्ने जनगुनासो विगतदेखि नै आएको हो।" पछिल्लो समय स्थानीय, प्रदेश, राष्ट्रियसभा र प्रतिनिधिसभाको निर्वाचनमा दलहरूको व्यापक खर्च बढेको गुनासो आइरहेको भन्दै उहाँले त्यस्तो खर्चले सुशासनमा असर गरेको बताउनुभयो। यो लोकतान्त्रिक प्रणाली र कानुनी शासनका लागि चिन्ताजनक विषय बन्न पुगेको पूर्वमन्त्रीसमेत रहनुभएका पौडेलको भनाइ छ।

राजनीतिक दल र तिनका उम्मेदवारले निर्वाचनको समयमा गर्ने खर्च पारदर्शी हुनुपर्ने भए पनि त्यसो नभएको तथा न्यूनतम रकम तोकिए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन। राजनीतिक दललाई कुनै पनि व्यक्तिले चन्दा दिन्छन् भने त्यो बैंकिङ प्रणालीमार्फत हुनुपर्छ। रु २५ हजारभन्दा माथिको चन्दा वा सहयोग त अनिवार्यरूपमा चेकमार्फत नै गर्नुपर्ने कानुनी व्यवस्था छ। रु एक लाखभन्दा माथि चन्दा वा सहयोग दिने व्यक्तिको नाम वा ठेगाना सार्वजनिक गर्नुपर्छ नै। सरकारी निकाय, नागरिकको समेत लगानी रहेको सार्वजनिक कम्पनीले राजनीतिक दललाई चन्दा दिन पाउँदैनन्।

पूर्वसचिव पौडेलका विचारमा के कति हदसम्म चन्दा वा सहयोग दिने भन्ने बारेमा अधिकतम सीमासमेत तोक्नु आवश्यक छ। आयोगले तोकेको खर्चको सीमा पनि बैंकिङ प्रणालीमार्फत गराउन सकेको

*बाँकी तीन पृष्ठमा*

आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक। आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु।
- बौवा बुच्चीके आइग सँ दूर राखु।
- हवा बसात के समय मे आइग नै पजारु। सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु।
- कहीं कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ।

अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

**महङ्गो भयो ...**

खण्डमा सकारात्मक सुरुआत हुन जाने पूर्वसचिव पौडेलको भनाइ छ। निर्वाचनको समयमा अत्यधिक मात्रामा खर्च गर्ने उम्मेदवार विजयी भएको खण्डमा भ्रष्टाचार झनै संस्थागत भएर जाने नेपालकै अनुभवले पनि देखाएको छ। भ्रष्टाचारमा सार्वजनिक, निजी क्षेत्र र राजनीतिक दल जोडिने गरेको राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुभवले देखाएको छ। त्यो निर्वाचनमा अभिव्यक्त हुने गरेको छ।

अमेरिकाको प्रसङ्ग हेर्ने हो भने रक्षासँग जोडिएको ठेक्कापट्टामा कर्मचारी, ठेकेदार र राजनीतिक नेतृत्व जोडिएको तथ्य सार्वजनिक भएको थियो।

**यस्तो छ भारत र बङ्गलादेशमा**

केही समयपहिले भारतका विभिन्न पाँच राज्यको विधानसभाको निर्वाचन सम्पन्न भयो। भारतीय निर्वाचन आयोगले सन् २०१४ को तुलनामा सन् २०२२ मा उम्मेदवारले गर्ने खर्चको सीमा भारी वृद्धि गरिदिएको थियो। विधानसभाको निर्वाचनमा सहभागी हुने उम्मेदवारले ४० लाख भारतीय रुपैयाँसम्म खर्च गर्न पाउने व्यवस्था गरिएको छ।

यस्तै, लोकसभा सदस्यको उम्मेदवारले सन् २०१४ मा ७० लाख भारतीय रुपैयाँसम्म खर्च गर्न पाउँथे भने अब ९५ लाख भारुसम्मको सीमा तय गरिएको छ। तर त्यो सीमाभित्र रहेर खर्च गर्ने उम्मेदबार फेला पार्न नसकिएको भारतीय सञ्चारमाध्यमहरूले टिप्पणी गरेका छन्। निर्वाचन लागेपछि दैनिक तीन पटक नै उम्मेदबारको खर्चमा खाना वा अन्य प्रयोजनका लागि खर्च गर्नुपर्छ भन्ने मान्यता भारतमा समेत विस्तारित भएको छ।

बङ्गलादेशमा उम्मेदबारले १५ लाखदेखि २५ लाख टाकासम्म खर्च गर्ने गरेको पाइएको छ। ट्रान्सपरेन्सी इन्टरनेशन बङ्गलादेशका अनुसार अदृश्य स्रोतबाट प्राप्त भएको पैसासमेत निर्वाचनको दौरानमा खर्च भएको देखिन्छ। जबकि त्यहाँको कानुनअनुसार प्रतिमतदाता १० टाकासम्म मात्र खर्च गर्न पाइन्छ। त्यो पनि निर्वाचनको कामका लागि मात्र। जस्तै मतदाता शिक्षा, निर्वाचन अभियान आदि।

**कसरी घट्छ खर्च ?**

निर्वाचनको समयमा हुने अत्यधिक खर्च नियन्त्रण गर्ने विषयमा नै सरोकार भएका निकायको ध्यान जानुपर्छ। पूर्वसचिव पौडेलका अनुसार राजनीतिक दललाई सहयोग गर्ने व्यक्तिले पनि बैंकिङ प्रणाली र चेकबाट सहयोग गर्नुपर्छ। उहाँले भन्नुभयो, "दलको पहिलो प्राथमिकता खर्च कसरी न्यूनीकरण गर्न सकिन्छ भन्नेमा ध्यान दिनुपर्छ।"

निर्वाचनमा उम्मेदवारले गर्ने खर्च तोकिएको भए पनि त्यसलाई कार्यान्वयन गराउन आयोग सफल हुन सकेको छैन। उहाँका अनुसार राजनीतिक दलले खर्च गर्न कोष खडा गर्नुपर्छ। निर्वाचनको समयमा उम्मेदवारले गर्ने खर्चले दीर्घकालसम्म असर पर्ने भएकाले नियन्त्रण गर्नुपर्छ।

आयोगलाई निर्वाचनमा दलले आचारसंहिता पालना गरेको नगरेको हेर्न नियम पालकअधिकारी खटाउने व्यवस्था गर्नुपर्ने सुझाव पनि आएको छ। पूर्वसचिव पौडेलले उम्मेदबार, राजनीतिक दलले निर्वाचनसँग जोडिएका सबै सर्त पूरा गरेको भनेर स्वघोषणा गर्ने, परिपालना अधिकृत नियुक्त गर्ने, नागरिक स्तरमा पनि संयन्त्र विकास गर्न सुझाव दिनुभयो। पैसा खर्च गरेको भरमा मात्रै निर्वाचन जित्न सक्दैन भन्ने मान्यता विकास नहुँदासम्म खर्चको होडबाजी चलिरहने संविधानविद् डा विपीन अधिकारीको भनाइ छ।

उहाँले राजनीतिक दललाई सहयोग गर्नेले बैंकिङ प्रणाली अवलम्बन गर्न अपनाउन सुझाव दिए। उनले चुनावको समयमा मतदातालाई प्रभाव पार्न ठूलो रकम खर्च हुने गरेको दृष्टान्त सुनाए। मतदातालाई प्रभाव पार्न विभिन्न प्रोपोगान्डा हुने भएकाले त्यस्ता गतिविधिलाई पूर्ण रूपमा निरुत्साहित गर्नुपर्नेमा जोड दिँदै डा अधिकारीले पैसाको नियन्त्रण नहुँदासम्म लोकतन्त्रसमेत विस्तारित हुन नसक्ने बताउनुभयो।

राजनीतिक दल वा उम्मेदबारले कहाँबाट र कसरी खर्च गर्छन् त्यसको लेखाजोखा मतदाता र सञ्चारमाध्यमले राख्नुपर्ने सुझाव दिँदै डा अधिकारीले कानुनको दायरामा ल्याउन पहल गर्नुपर्ने बताउनुभयो।

**नयाँ मोटर किन्ने होडबाजी रोकौँ**

निर्वाचनको घोषणा भएपछि आयोगले सधैं जसो नयाँ सबारी साधन खरिद गर्ने गरेको प्रसङ्गमा डा अधिकारीले विकल्प खोज्न सुझाव दिनुभयो। निर्वाचन प्रयोजनका लागि काठमाडौं उपत्यकामा रहेका निजी सवारी साधन भाडामा लिन सक्ने वा ट्याक्सीलाई पनि उपयोग गर्न सकिने विकल्प रहेको उहाँको भनाइ छ। "कसरी खर्च घटाउन सकिन्छ भन्ने बारेमा आयोगले पनि ध्यान दिनुपर्छ। सधैं नयाँ सबारी साधन नै खरिद गर्नुपर्छ भन्ने मान्यता छाड्दा राम्रो हुन्छ", उहाँले भन्नुभयो। मतपेटिका अत्यावश्यक भएकाले त्यसको खरिद गर्नुपर्ने भए पनि नयाँ मोटर नै खोज्न नहुने उहाँको भनाइ छ।

निर्वाचन आम जनताको पहुँचभन्दा बाहिर गएकाले त्यस्ता उम्मेदबार, राजनीतिक दललाई अस्वीकार गर्न सक्ने वातावरण बनाइए भ्रष्टाचारको अन्त्य र सदाचारको युग सुरु हुने उहाँको भनाइ छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुबैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी



**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU
NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


# विश्व समाचार

## रुसी नौसेनाका वरिष्ठ कमाण्डर युक्रेनमा मारिए

मस्को (रूस), ७ चैत (रासस-एएनआई/सिन्ह्वा)।

रुसको ब्ल्याक सी फ्लिटका एक वरिष्ठ नौसेना कमाण्डर युक्रेनमा मारिएको क्राइमिया प्रायद्वीपको बन्दरगाह शहर सेवास्टोपोलका गभर्नरले आइतबार पुष्टि गरेका छन्। पूर्वी युक्रेनी बन्दरगाह शहर मारियुपोलमा लडाइँका क्रममा फ्लीटका डेपुटी कमाण्डर पोस्ट-क्याप्टेन आन्द्रेई पालीको मृत्यु भएको हो। मिखाइल रजभोजायेभले मेसेजिङ एप टेलिग्राममा सो कुरा बताएका छन्। सेभास्टोपोल रूसको ब्ल्याक सी फ्लिटको आधार हो।

## युक्रेनको कीभमा बम विस्फोटमा कम्तीमा ६ जनाको मृत्यु

कीभ, ७ चैत, (रासस- एएफपी)।

युक्रेनको राजधानी कीभको एक किनमेल केन्द्रमा रातभर भएको बम विस्फोटमा कम्तीमा छ जनाको मृत्यु भएको एएफपी पत्रकारले सोमबार बताएका छन्। पत्रकारका अनुसार कीभको उत्तरपश्चिममा रहेको "रेट्रोभिल" सपिङ मलको अगाडि छवटा शव राखिएको थियो भवनमा शक्तिशाली विस्फोट भएको थियो जसले यसको कार पार्कमा रहेका सवारीसाधनहरू समेत ध्वस्त पारेको थियो।

## रुस र युक्रेनबीच युद्धविरामका लागि प्रगति : टर्की

अंकारा, ७ चैत (रासस/सिन्ह्वा)।

रुस र युक्रेनका बीचमा युद्धविरामका लागि सकारात्मक प्रगति भएको देखिएको छ। सो कुरा टर्कीले जनाएको छ। टर्कीका विदेशमन्त्रीले रुस र युक्रेनका बीचमा युद्धविरामका लागि सहमति भएको र कतिपय बुँदाहरुमा प्रगति भएको टर्कीका विदेशमन्त्री मेभलुत केभेस्लुतले जानकारी दिनुभएको हो। यसअघि पनि यी दुई देशबीच विभिन्न समयमा एक दिने युद्धविराम भएका थिए र यसले सर्वसाधारणलाई युद्ध प्रभावित भागबाट भाग्न सजिलो भएको थियो। मस्कोले अहिले पनि कतिपय भूभागमा बिहान ९ देखि बेलुका ९ बजेसम्म युद्धविराम गर्ने गरेको बताइएको थियो तर पनि त्यसको पालना भने भएको थिएन।

उत्तरपश्चिममा इरपिन र बुचालगायत राजधानी वरपरका क्षेत्रहरूमा रहेका नागरिकहरूलाई रुसी सेनाको भीषण बमबारीबाट बच्न किभमा सारिएको बताइएको छ। रुसी सिमानानजिक रहेको दुई लाख ५० हजार जनसंख्या भएको सहर सुमीबाट हजारौं नागरिक विस्थापित भएका छन्। यस सहरमा रुसले ठूला आक्रमण गर्ने गरेको छ। निरन्तरको आक्रमणले युक्रेनको जनजीवन अस्तव्यस्त भएको छ। यहाँका ठूलो संरचनाहरु आकासबाट गरिएका बमबारीले ध्वस्त भएका छन्।यसैले पहिला युद्धविराम गरी त्यसपछि मात्र वार्ताको टेबलमा बस्नुपर्ने युक्रेनले बताएको छ। वार्ताका लागि टर्कीले पनि पहल गरेको छ। दुई देशको वार्ताका लागि टर्कीले मध्यस्थताको पहल गरिरहेको जनाएको छ। तर वार्ता निष्कर्षमा पुग्न भने सकेको छैन।

## भारतमा कोरोनाभाइरसका दैनिक संक्रमितको संख्या १५ सय ५४९

नयाँदिल्ली, ७ चैत (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या दिनप्रति दिन घट्दै गइरहेको छ। भारतमा पछिल्लो २४ घण्टामा दुई हजार भन्दा कम सङ्क्रमित भएका हिजो दोस्रो दिन भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जानकारी दिएको छ। गत २४ घण्टामा तीन लाख ८४ हजार ४९९ को कोरोना परीक्षण गरिएकोमा एक हजार ५४९ मा मात्र कोरोना सङ्क्रमण भएको जनाइएको छ। यद्यपी आइबार मन्त्रालयले दिएको जानकारीअनुसार शनिबार एक हजार ७६१ मा यो सङ्क्रमण देखिएको थियो।

योसँगै भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या भने २५ हजार १०६ पुगेको अधिकारीले जनाएका छन्। सक्रिय सङ्क्रमितको यो सङ्ख्या कूल सङ्क्रमितको ०.०६ प्रतिशत रहेको समाचारमा जनाइएको छ। पछिल्लो २४ घण्टामा कोरोनाभाइरस सङ्क्रमणका कारण ३१ जनाको मृत्यु भएको सो मन्त्रालयले जानकारी दिएको छ। यसैसँगै भारतमा कोरोना शुरु भएदेखि हालसम पाँच लाख १६ हजार ५१० को मृत्यु भइसकेको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार सोही अवधिमा दुई हजार ६५२ कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। एउटै अवधिमा नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या पनि घट्दै गइरहेको हो। भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि सङ्क्रमणमुक्त भइसकेकाको सङ्ख्या चार करोड २४ लाख ६७ हजार ७७४ पुगेको छ। भारतमा कोरोना भाइरस सङ्क्रमणमुक्त दर ९८.७४ प्रतिशत रहेको समाचारमा जनाइएको छ। भारत सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरबिरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयबाट हालसम्म कोरोना भाइरसबिरुद्धको एक अर्ब ८३ करोड ५२ लाख २५ हजार ६० डोज खोप लगाइएको छ।

# सप्तरी प्रिमियर लिगको अक्सन सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

चैत १० गते देखि सुरु हुने चौँथो संस्करणको राजविराज मेयर कप सप्तरी प्रिमियर लिगको अक्सन आइतबार राजविराजमा सम्पन्न भएको छ ।

प्रतियोगितामा सहभागी पाँच टोलीले १ सय ३९ जना खेलाडी माथि बोलि लगाएका थिए । अक्सनमार्फत पाँच टिमले कुल ६५ जना खेलाडी टिममा भित्रयाएका छन् ।

अक्सनमा सबैभन्दा बढी मूल्य राष्ट्रिय क्रिकेटर भुवन कार्कीले पाए । देब्रे हाते स्पिन अलराउण्डरलाई सुनिल धमला मार्की खेलाडी रहेको टिम तिलाठी कोइलाडी जायन्टसले २० हजार रुपैयाँ खर्चियो । यस्तै अन्डर १९ राष्ट्रिय क्रिकेटरहरु सन्तोष कार्की, तृत राज दास, दिपेश कंडेल १५ हजार रुपैयाँमा बिक्रि भए । यस्तै युवा क्रिकेटर मुकुन्द यादव र अमित यादवले पनि १५ हजार रुपैयाँ पाए ।

एउटा टिमले अक्सनमा मार्की खेलाडी र लोकल आइकन खेलाडी आवद्ध गरेको रकम बाहेक एक लाख ३१ हजार रुपैयाँ खर्च गर्न पाउने नियम थियो । अक्सनमा सबै भन्दा बढी रकम डिफेन्डिङ च्याम्पियन बजाज खडक वारियर्सले एक लाख १४ हजार २५० रुपैयाँ खर्चियो ।

अक्सनमा सहभागी खेलाडीहरुलाई बिभिन्न चारवटा श्रेणीमा विभाजित गरिएको थियो । ए ग्रेडमा रहेका खेलाडीहरुलाई बेस प्राइस ८ हजार देखि अधिकतम २१ हजार रुपैयाँ सम्म बोलि लागेको थियो। यस्तै बि श्रेणीका खेलाडीहरुलाई ५ देखि १८ हजार सम्म, सी श्रेणीका खेलाडीहरुलाई ३ हजार ५ सय देखि ९ हजार रुपैयाँ सम्म तथा 'डी' श्रेणीका खेलाडीहरुलाई २ हजार ५ सय देखि ७ हजार ५ सय रुपैयाँसम्म बोलि लागेको थियो। टिमहरुले ए ग्रेडबाट दुई जना मात्र खेलाडी तथा बि, सी र डी ग्रेडबाट समान चार जना खेलाडी टिममा राख्न पाउने नियम थियो ।

यस अघिनै आयोजकले प्रत्येक टिमको मार्की र लोकल आइकन खेलाडी घोषणा गरिसकेको थियो। मार्की खेलाडीले २७ हजार रुपैयाँ पाउनेछन् भने लोकल आइकनले टिमसंग सम्झौता अनुसार रकम पाउनेछन् ।

तिलाठी कोइलाडीको मार्की खेलाडी सुनिल धमला र लोकल आइकन आशिष झा, बजाज खडक वारियर्सको मार्की खेलाडी सिद्धान्त लोहनी र लोकल आइकन गोमानन्द अमात्य , टिभीएस किंग्स राजविराजको मेहबुब आलम र लोकल आइकन रोहन विक, राजविराज द किंगको मार्की खेलाडी दिलिप नाथ र लोकल आइकन अनिल कुमार यादव छन् भने राजविराज ब्रदर्सको मार्की खेलाडी अनिल कुमार शाह र लोकल आइकन बिक्रम धोज कार्की छन् ।

**अक्सन पछि कुन टिम कस्तो बन्यो :**

बजाज खडक वारियर्स : सिद्धान्त लोहनी (मार्की खेलाडी) रु. २७,०००, गोमानन्द अमात्य - रु.६,५००, राज वर्मा रु. ५,०००, नितेश कुमार यादव - रु. ५,०००, विशाल यादव - रु. ५,०००, गुलाम मोइज - रु. २,५००, रोबिन सिंह- रु. ७,५००, राहुल मण्डल - रु. ७,५००, श्रवन यादव - रु. ४,२५०, मुकुन्द यादव - रु. १५,०००, अविनाश कर्ण - रु. १४,०००, अमिको यादव - रु. ५,०००, मिनाश थापा - रु. ५,०००, अमन यादव - रु. २,५००, सफल थापा मगर - रु. २,५०० ।

टिभीएस किंग्स राजविराज : मेहबुब आलम (मार्की खेलाडी) रु. २७,०००, कृष्ण चौधरी - रु. ३,५००, पप्पु यादव - रु. ५,०००, रोहन बिक - रु. ८,०००, विवेक कुमार चौरसिया - रु. २,५००, मोहम्मद सकिम - रु. २,५००, भुलावन सहानी - रु. ३,५००, शेख इमरान - रु. ३,५००, पप्पु यादव बि - रु. ७,५००, दिनेश अधिकारी - रु. ५,०००, विशाल सुश्लिंग - रु.५००० , हसिम अन्सारी - रु. ५०००, मनिष मण्डल - रु. ३,५००, दिपेश ससरदार - रु. ३,५००, मोहम्मद सदाम - रु. २,५०० ।

राजविराज ब्रदर्स : अनिल शाह (मार्की खेलाडी) रु. २७,०००, पार्थिव प्रशाद यादव - रु. ४,२५०, चन्द्र प्रकाश मेहता - रु. ३,२५०, कौशल कुमार मिश्रा - रु. २,५००, विक्रम धोज कार्की - रु. ८,०००, चन्द्रकान्त पौडेल - रु. २,५००, निरज कुमार यादव - रु. ७,५००, अजय यादव - रु. ४,५००, धिरज कुमार दास - रु. ३,५००, अनुज चनारा - रु. ५,०००, प्रशान्त सिंह - रु. ५,०००, दिपेश कंडेल - रु. १५,०००, अमित कुमार यादव - रु. १५,०००, विजय यादव - रु. २,५००, विकास दास - रु. २५०० ।

राजविराज किंग्स : दिलिप नाथ (मार्की खेलाडी) रु. २७,०००, अनिल यादव - रु. ८,०००, भोला शाह - रु. ५,०००, संजित शाह - रु. ३,५००, अमननाथ मण्डल - रु. २,५००, साकेत सिंह - रु. २,५००, रुपेश कुमार सिंह - रु. ७,५००, रोहित कुमार सिंह - रु. ७,५००, चित्र बहादुर बिस्ट - रु. ३,५००, तृत राज दास - रु. १५,०००, फिर्दोश अन्सारी - रु. ५,५००, सन्तोष कार्की - रु. १५,०००, मुकेश क्कुमार यादव - रु. ५,०००, अजय बम - रु. २,५००, प्रविन यादव - रु. २,५०० ।

तिलाठी कोइलाडी जायन्टस : सुनिल धमला (मार्की खेलाडी) रु. २७,०००, अमित मण्डल - रु. ५,०००, अजय मारिक - रु. २,५००, अविशेक कार्की - रु. ५,०००, आशिष झा - रु. ८,०००, गोपाल मण्डल - रु. २,५००, नितेश यादव - रु. ७,५००, जितेन्द्र कुमार यादव - रु. ७,५००, विकास दास - रु. ७,५००, भुवन कार्की - रु. २०,०००, भिम यादव - रु. २,५००, धिरज मण्डल - रु. २,५००, योगेन्द्र सिंह कार्की - रु. ५,०००, रोशन विश्वकर्म - रु. ३,५००, राहुल गुप्ता - रु. २,५०० ।

सप्तरी प्रिमियर लिगको बिजेताले तिन लाख रुपैयाँ तथा उपबिजेता टिमले एक लाख पचार हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

लिगको खेलहरु राजविराज स्थित राज रंगशालामा आयोजना हुनेछ जहाँ खेल हेर्न दर्शकहरुले टिकट काट्नु पर्नेछ । प्रतियोगिताको लागि मैदानको तयारी सुरु भइसकेको छ । एक साता चल्ने प्रतियोगिता सिंगल राउण्ड रोबिन फर्म्याटमा खेलीनेछ ।

# सिटिइभिटी र सामुदायिक विद्यालयको पाठ्यक्रम एउटै बनाइने

काठमाडौँ, ७ चैत (रासस) ।

शिक्षा मन्त्रालयअन्तर्गतका निकायबाट प्राविधिक धारमा उत्पादन हुने एउटै तहका जनशक्ति र लगानीमा निकै भिन्नता भएपछि पाठ्यक्रम समायोजनको तयारी भएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सामुदायिक विद्यालयमा प्राविधिक धारका कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

एउटै संस्थामा दुईथरी पाठ्यक्रम र दुईथरी जनशक्ति उत्पादन भएकामा आलोचना हुन थालेपछि पाठ्यक्रम समायोजनको तयारी भएको हो। सामुदायिक विद्यालयमा केन्द्रको अनुदानमा तयार गरिएको प्राविधिक धारको पाठ्यक्रम कक्षा ९ देखि १२ सम्म सञ्चालन हुँदै आएको छ भने तिनै सामुदायिक विद्यालयमा कक्षा १० पछि सिटिइभिटीको तीनवर्षे डिप्लोमा कार्यक्रमअनुसार अध्ययनअध्यापन हुने गरेको छ।

शिक्षा मन्त्रालयअन्तर्गतका केन्द्र र सिटिइभिटीमार्फत विद्यालयमा पाठ्यक्रम मात्र होइन, शिक्षकको अनुदान तथा तालिमसमेत फरक रूपमा सञ्चालन भइरहेको छ। सिटिइभिटीको कार्यक्रम सामुदायिक विद्यालय, उसका आङ्गिक तथा सम्बन्धन प्राप्त शिक्षालयमा सञ्चालन भइरहेका छन् । माध्यमिक तह (९-१२) मा ४८४ विद्यालयमा प्राविधिक धारका कार्यक्रम सञ्चालन गरिएको छ भने ५५० भन्दा बढी माविमा सिटिइभिटीको डिप्लोमा कार्यक्रम पठनपाठन भइरहेको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलसहित पदाधिकारीहरूको छलफलपछि पाठ्यक्रममा समायोजन, एकीकरण र अद्यावधिकीकरणका लागि प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठान (टिआइटिआई)का व्यवस्थापन बोर्डका अध्यक्ष प्रा डा राजेन्द्रप्रसाद अधिकारीको संयोजकत्वमा सिटिइभिटीका सदस्यसचिव, पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक र राष्ट्रिय परीक्षा बोर्डका सदस्य-सचिव सदस्य रहेको समिति गठन गरिएको छ।

समितिले अहिले कार्यान्वयनमा रहेका सामुदायिक माध्यमिक तहमा सञ्चालित प्राविधिक धार कक्षा ९-१२ र प्राविधिक तथा व्यावसायिक तालिमअन्तर्गत शिक्षालय, सामुदायिक माध्यमिक विद्यालयमा सञ्चालित प्री-डिप्लोमा तथा डिप्लोमा कार्यक्रमको पाठ्यक्रम विस्तृत अध्ययन गरी बजारको माग समेतलाई दृष्टिगत गर्दै पाठ्यक्रम समायोजन तथा परिमार्जन गरेर एकीकृत पाठ्यक्रम तयार गरी ३० दिनभित्र पेस गर्न जिम्मा दिएको छ। माध्यमिक तह ९–१२ मा कृषि, भेटेरिनरी, सिभिल, इलेक्ट्रोनिक्स, कम्प्युटर इन्जिनियरिङको पढाइ हुन्छ। सिटिइभिटीमा धेरै कार्यक्रम छन् ।

शिक्षा मन्त्रालयले प्राविधिक तथा व्यावसायिक शिक्षामा सबै स्थानीय तहका विद्यार्थीको सर्वसुलभ पहुँच सुनिश्चित गर्न अध्ययन समिति बनाएको छ। मन्त्रालयले प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखा प्रमुखको संयोजकत्वमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको उपमहानिर्देशक र सिटिइभिटीको महाशाखा प्रमुख सदस्य रहने समिति बनाएको छ। मन्त्रालयका सहसचिव डा हरि लम्साल प्राविधिक धारको पाठ्यक्रम समायोजनका लागि आन्तरिक रूपमा तयारी भएको बताउनुहुन्छ ।

# सबै तहमा गठबन्धन मिलेर चुनाव लड्ने सम्भव छैन् : अध्यक्ष यादव

**दैनिक समाचारदाता**
**पर्सा, ७ चैत ।**

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले स्थानीय तहको चुनावमा सत्ता गठबन्धन मिलेर चुनाव लड्ने सम्भावना नभएको बताएका छन् ।

सोमवार वीरगञ्जमा स्थानीय नेता राजेशमान सिंहलाई पार्टी प्रवेश गराउँदै उनले सबै तहमा गठबन्धन सम्भव नभएको बताए । उनले जहाँ-जहाँ सम्भव हुन्छ त्यहाँ गठबन्धन गरेर चुनाव लड्ने, तर जहाँ-जहाँ सम्भव नभए त्यहाँ गठबन्धनका दलहरू एक्ला-एक्लै चुनाव लड्ने उल्लेख गरे ।



उनले चुनावलाई कम खर्चिलो बनाउन निर्वाचन प्रणाली पूर्ण समानुपातिक हुनुपर्ने पार्टीको अडान रहेको बताए । अहिलेको निर्वाचन प्रणाली, शासकीय स्वरूप, न्यायिक प्रणालीसमेत बदल्नुपर्ने उनको भनाइ थियो ।

जसपा पर्साका अध्यक्ष रामनरेश प्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रमलाई जसपाका संघीय परिषद् अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउत, सांसद प्रदीप यादवलगायतले सम्बोधन गरेका थिए ।

## *निर्वाचन आयोगका ...*

छिमेकीलगायत विभिन्न मुलुकसँग थप सम्बन्ध विस्तारका लागि पार्टी अग्रसर रहेको जानकारी दिनुभयो ।

बैठक सञ्चालन गर्दै पार्टीका महासचिव शङ्कर पोखरेलले जातीय विभेद् उन्मूलन दिवसका अवसरमा विभेद्मा परेका समुदायप्रति उच्च सम्मान गर्दै छुवाछूतमुक्त राष्ट्र निर्माणमा प्रतिबद्धता व्यक्त गर्नुभयो ।

दशौँ राष्ट्रिय महाधिवेशनपछिको पहिलो पोलिटब्यूरो बैठकमा समसामयिक राजनीतिकस्थितिको विश्लेषण, स्थानीय निर्वाचनका लागि पार्टीको घोषणापत्र, उम्मेदवार छनोटको मापदण्डलगायतका विषयमा छलफल हुनेछ। यही चैत ९ र १० गते काठमाडौँमा हुने केन्द्रीय कमिटीको तेस्रो बैठकका पूर्वसन्ध्यामा पोलिटब्यूरो बैठक बस्न लागेको हो ।


ग्याँसको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु

- ग्याँस तथा आगो बलुञ्जेल भान्सा छाडेर टाढा नजाऔं।
- प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं।
- ग्याँस सिलिन्डर र सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं, कुनै खरावी वा टुटफुट भए, तुरुन्त मर्मत गरौं।
- ग्याँस सिलिण्डर लिंदा सिल भए/नभएको हेरेर मात्र लिऔं।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं।
- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*